# प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल

(प्रशासन शाखा)

## घरभाडा लिने सम्बन्धी सूचना

सूचना नं.१३०/०८१-८२ प्रकाशन मितिः-२०८१/०९/०१

यस आयोगको लागि निम्नानुसारको पूर्वाधार भएको भवन भाडामा लिनुपर्ने भएकोले ईच्छुक घरधनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र नेपाली नागरिकताको प्रमाण-पत्र, जग्गाधनी प्रमाणपुर्जा, घरनिर्माणको ईजाजतपत्र, आर्थिक वर्ष २०८०।८१ को एकिकृत सम्पत्ती कर तिरेको रसिद, घरको नक्सा सहितको कागजात प्रतिलीपी संलग्न गरी निवेदनमा कवोल रकम (कर सहित) उल्लेख गरी यस आयोगको कार्यालय, जनकपुरधाम उपमहानगरपालिका, वडा नं.-९ साकेत नगरमा कार्यालय समयमा सिलबन्दी निवेदन पेश गर्नुहुन प्रदेश खर्च मापदण्ड निर्देशिका,२०८० को दफा २३ को उपदफा १ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. जनकपुरधाम उपमहानगरपालिका भित्र संकटमोचन मन्दिर देखी रामानन्द चौक सम्मको क्षेत्रमा हुनुपर्ने,

२. घरमा कम्तिमा ६ कोठा, २ वटा हल, २ वटा किचेन तथा घरभित्र र बाहिर गरी ४ वटा शौचालय भएको हुनु पर्नेछ,

३. घरजाने मोटरबाटो हुनुपर्ने, घरमा बत्ति, पानीको पर्याप्त सुविधा भएको हुनुपर्ने,

४. घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा घरभाडामा लिईनेछ र घरभाडा मासिक रुपमा भुक्तानी हुनेछ साथै घरभाडा भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टा गरी भुक्तानी गरिनेछ ।

---------------

(चिरन्जीवी गौतम)

नि. सचिव